नेपाल सरकार
Government of Nepal

माननीय सिता बादी
मन्त्री
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Sita Badi
Minister
Ministry of Women, Children, Gender and sexual Minorities and Social Security
Singhadurbar, Kathmandu, Nepal

च.नं.
Ref. No.

## शुभकामना

समाज कल्याण परिषद्को ४९ औं स्थापना दिवस तथा ४७ औं सामाजिक सेवा दिवसको सुखद अवसरमा सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था एवं समाजसेवीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालमा समाज सेवा र सामाजिक संघसंस्थाहरूको विकासमा समाज कल्याण परिषद्को भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ। गैरसरकारी क्षेत्रबाट सञ्चालित सामाजिक कार्यलाई संगठित रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यका साथ वि.सं. २०३४ साल आश्विन ६ गते यस परिषद्को स्थापना भएको हो। परिषद्को स्थापनासँगै सामाजिक संघसंस्थाहरूको संस्थागत विकास र परिषद्मा आबद्ध हुने क्रमको थालनी भएको हो।

स्थापनाको प्रारम्भिक अवस्थामा परिषद्मा आबद्ध संघसंस्थाहरूले मानवीय उद्धार, कल्याण, स्वयंसेवक कार्य तथा सामुदायिक विकासका क्षेत्रमा योगदान दिँदै आएका थिए। तर समयक्रमसँगै यसको कार्यक्षेत्र र दायरा फराकिलो बन्दै गयो। हाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूले शिक्षा, स्वास्थ्य, सिप विकास, सशक्तीकरण, सरसफाई, प्रविधि विकास, खानेपानी, जीविकोपार्जन, सचेतना, महिला, बालबालिका, सिमान्तकृत वर्ग, संरक्षण र अधिकार, वन्यजन्तु संरक्षण, वातावरण तथा जलवायु परिवर्तन रोजगारी, कृषि र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार तथा सुरक्षाका क्षेत्रमा काम गरिरहेका छन्। यसका साथै, हालै रसुवा भोटेकोशीको विपद्मा राहत व्यवस्थापन तथा पुनर्स्थापनाका क्षेत्रमा गरेको कार्य सह्रानीय योग्य रहेको छ।

सामाजिक संघसंस्था एवं समाजसेवीहरूलाई थप जिम्मेवार, जवाफदेही र पारदर्शी बनाउनेतर्फ परिषद्ले निरन्तर प्रयास गर्दै आइरहेको छ। समाजसेवा जस्तो पवित्र एवं गरिमामय कार्य गर्दा सेवाभावलाई केन्द्रमा राखी ग्रामीण क्षेत्रका सीमान्तकृत वर्ग एवं समुदायलाई लक्षित गरी कार्यक्रमहरू तय हुनुपर्दछ। नेपाल सरकारका नीति एव प्रथमिकतामा केन्द्रित रही नेपालको विकास कार्यमा सामाजिक संघसंस्थाहरूले पुऱ्याएको योगदानलाई अझ बढी प्रभावकारी, सुव्यवस्थित र दिगो विकासका लक्ष्यअनुरूप बनाउनु जरुरी छ। आगामी दिनमा परिषद्ले पनि कार्यक्रम स्वीकृति, सहजीकरण, समन्वय, अनुगमन, मूल्याङ्कन, सूचना तथा अभिलेख व्यवस्थापन जस्ता विषयलाई अझै व्यवस्थित र प्रभावकारी बनाउँदै लैजानेछ।

परिषद्द्वारा प्रदान गरिने सेवालाई अझ छिटोछरितो र प्रभावकारी बनाउनका निम्ति परिषद्लाई डिजिटलाइजेसन (Digitization) मा लैजाने र यसबाट सेवाग्राहीहरूले टाढा-टाढाबाट काठमाडौं धाउनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य भई परिषद्को सेवालाई नागरिकको पहुँचमा पुऱ्याउनेछ भन्ने मैले विश्वास लिएको छु। परिषद्को स्थापना दिवस तथा 'सामाजिक सेवा दिवस' को यस विशेष दिनलाई सम्पूर्ण सामाजिक संघसंस्था एवं समाजसेवीहरूले

मा. सिता बादी
मन्त्री

फोन नं. : ४२००२८०/४२११९२/४२००१५३, इमेल : info@mowcsc.gov.np | वेबसाइट : www.mowcsc.gov.np
Phone.: 4200280/4211192/4200153, Email: info@mowcsc.gov.np | Website: www.mowcsc.gov.np

नेपाल सरकार
Government of Nepal

माननीय सिता बादी
मन्त्री
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Sita Badi
Minister
Ministry of Women, Children, Gender and sexual Minorities and Social Security
Singhadurbar, Kathmandu, Nepal

च.नं.
Ref. No.

आफुद्वारा सञ्चालित क्रियाकलापहरूको समीक्षा र स्वमूल्याङ्कन गर्ने अवसरको रूपमा उपयोग गर्नु उपयुक्त हुनेछ। यस सन्दर्भमा सम्बन्धित सबैको ध्यान पुग्नेछ भन्ने मैले विश्वास लिएको छु।

अन्त्यमा, परिषद्को ४९ औं स्थापना दिवस तथा ४७ औं सामाजिक सेवा दिवसको यस पुनित अवसरमा सम्पूर्ण समाजसेवीहरूको प्रतिष्ठा र मर्यादा अझ उच्च होस् भन्ने कामना गर्दछु। समाज कल्याण, सेवा र विकासका कार्यहरू अझै प्रभावकारी, व्यापक र जनमुखी बन्दै देश विकासमा ठोस योगदान पुग्न सकोस्, यही मेरो शुभकामना छ।

धन्यवाद ।

मा. सिता बादी
मन्त्री

सिता बादी
मन्त्री, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
एवं
अध्यक्ष, समाज कल्याण परिषद् ।
मितिः २०८३।०६।०६